कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड

# Sanima Middle Tamor Hydropower Limited

रजिष्टर्ड कार्यालयः कामनपा-४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ, नेपाल ।

फोन नं.०१४३७२८२८, ४३७३०३०, ४०१५७८८

इमेलः middletamor@sanimahydro.com, वेबसाइटः www.middletamor.com


को

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको जारी पूँजी रु.३,३३,२५,००,००० (अक्षरेपी तीन अर्ब तेत्तिस करोड पच्चिस लाख मात्र) मध्ये २५% अर्थात रु.८३,३१,२५,०००/– (अक्षरेपी त्रियासि करोड एकतीस लाख पच्चिस हजार मात्र) रकम बराबर प्रति शेयर रु.१००/- अंकित दरको ८३,३१,२५० कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु.३३,३२,५०,०००/– (अक्षरेपी तेत्तिस करोड बत्तिस लाख पचास हजार मात्र) रकम बराबरको रु.१००/- अंकित दरको ३३,३२,५०० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्ला फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५, मैवाखोला गाउँपालिका वडा नं. १ तथा आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाका स्थानीय वासिन्दाहरुलाई, सर्वसाधारणलाई छुट्टाईएको जारी पूँजीको १५% अर्थात रु.१००/- अंकित दरको ४९,९८,७५० कित्ता शेयर मध्ये १०% अर्थात ४,९९,८७५ कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुलाई, कुल निष्काशनको ५% अर्थात २,४९,९३७ कित्ता शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरि बाँकी रहेको ४२,४८,९३८ कित्ता साधारण शेयर सर्वसाधारणका लागि मिति २०७९ फाल्गुण २६ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधिमा सर्वसाधारण आवेदकहरुबाट माग गरेभन्दा अधिक शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०७९ फाल्गुण ३० गते (बैकिङ्ग समय पश्चात)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०७९ फाल्गुण ३० गते (बैकिङ्ग समय पश्चात)** बन्द गर्नुहुन र **सो अवधिमा प्राप्त भएका आवेदनहरुलाई तोकिएको समयावधिभित्र रुजु गरिदिनुहुन अनुरोध गर्दछौं।**

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकायहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

**दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता** | **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : २०,००० कित्ता**

**दरखास्तसाथ प्रति शेयर रु.१००/- अंकित दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने ।**

| क्र.सं. | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग,नक्साल, काठमाण्डौ र website: www.sanima.capital |
| २. | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड, शंखपार्क, धुम्बाराही, काठमाण्डौ र website: www.middletamor.com |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र website: www.sebon.gov.np |

### नेटवर्थ सम्बन्धी विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व २०७६/२०७७ | आ.व २०७७/२०७८ | आ.व २०७८/२०७९ | आ.व २०७९/२०८० आश्विन मसान्त | आ.व २०७९/२०८० | आ.व २०८०/२०८१ | आ.व २०८१/२०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०६.१८ | १००.६५ | ९८.४३ | ९८.१५ | ९६.८२ | १०६.७५ | ११९.५४ |
| प्रति शेयर आम्दानी (रु.) | (२.८५) | (१.२९) | (२.२६) | (०.२८) | (१.९९) | ९.९३ | १२.८० |
| संचित नाफा (नोक्सान) रु. हजारमा | ४४,८५० | १४,६८६ | (३९,७५५) | (४६,६९९) | (१०६,०४६) | २२४,७९६ | ६५१,२०३ |

### प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित मध्य तमोर जलविद्युत आयोजना (७३ मे.वा.) को निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रु.१८,२६,०२,७४०/- (अक्षरेपी अठार करोड छब्बिस लाख दुई हजार सात सय चालिस मात्र) तथा कुल लागत रु. १३ अर्ब ३३ करोड अनुमान गरिएको छ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण

इजाजतपत्र वहाल रहने अवधि मिति २०७४/०२/२२ देखि २११०/०२/२१ सम्म रहेकोले २९ वर्ष ८ महिना बाँकि रहेको छ।

### परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धी विवरण

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ६.७३ वर्ष र
डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.३६ वर्ष रहेको छ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्स् नेपाल लिमिटेड, काठमाण्डौबाट मिति २०७८/१२/२३ मा क्रेडिट रेटिङ्ग गराई "[CARE-NP-BB (Is) [Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। "[CARE-NP-BB (Is) [Double B (Issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (high risk of default regarding timely servicing of financial obligations, in Nepal) रहेको भन्ने बुझिन्छ। Care Ratings Nepal Limited ले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ।

रेटिङ्ग प्रदान गरेको मिति : अप्रिल ०५, २०२२ | बहाल रहने अवधिः अप्रिल ०४, २०२३

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।**

कम्पनीका संस्थापक शेयरधनी/आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु (आयोजना अति प्रभावित क्षेत्र फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ मा बसोबास गर्ने नेपाली नागरिकहरु तथा आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाका स्थानीय वासिन्दाहरु) र नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई शेयर निष्काशन गर्दा आवेदन दिई बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा पूनः आवेदन दिएमा निजहरुको आवेदन स्वतः रद्द हुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४५४०५०८

Email: sanimacapital@sanimabank.com, Website: www.sanima.capital

मिति २०७९/११/३० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिने।

SanimaCapital